नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३१६
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७७/०७८
च.नं.:- ९५६

मिति: २०७७/०९/०८

विषयः अभिमुखिकरण कार्यक्रममा सहभागिता सम्बन्धमा ।

श्री नगरपालिका (सबै),

वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ लागु भए पश्चात गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयारी तथा स्वीकृति गाउँपालिका/नगरपालिकाबाटै हुने व्यवस्था रहेको छ । वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी उपरोक्त कार्यमा गाउँपालिका/नगरपालिकाको सहजिकरणका लागि मन्त्रालयबाट **"......... गाउँपालिका/नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७"** को नमुना समेत तयार गरी प्रेषित गरिएको व्यहोरा विदितै छ । सोही सन्दर्भमा वातावरण संरक्षण सम्बन्धि विषयमा स्थानीय तहमा क्षमता अभिबृद्धीको प्रयोजनार्थ भर्चुअल अभिमुखीकरण कार्यक्रमको लागि सहजिकरण गर्ने अनुरोध साथ नेपाल नगरपालिका संघको मिति २०७७/०९/०७ को पत्रको सम्बन्धमा प्रस्तुत पत्र प्रेषित गरिएको छ । अतः यसै साथ संलग्न कार्यतालिका बमोजिम तहाँ नगरपालिकाबाट प्रमुख/उपप्रमुख मध्ये एक जना, प्रमुख प्रशासकिय अधिकृत र वातावरण शाखा प्रमुख (इन्जिनियर) वा फोकल पर्सनको सहभागिताको लागि निर्देशानुसार अनुरोध छ । साथै कार्यक्रममा सहभागिताको लागि कार्यक्रमको मिति, समय, Meeting link तथा Meeting ID यसैसाथ संलग्न पत्रबाट प्राप्त गर्नुहुन समेत अनुरोध छ ।

2077/09/08

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।
श्री नेपाल नगरपालिका संघ ।